# तानसेन नगरपालिका

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

चलानी नं.
पत्र संख्या :

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल : ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

२०७७ चैत्र ३१

## नव वर्ष २०७८ को अवसरमा हार्दिक शुभकामना !

सर्वप्रथम नव वर्ष बि.सं. २०७८ को अवसरमा तानसेन पाल्पाबासी लगायत सम्पूर्ण नेपाली नागरिकमा सुस्वास्थ्य तथा समृद्धिका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछौं । गतवर्षदेखि नै बिश्वव्यापी रुपमा फैलिइरहेको कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि हामी सबैले जिम्मेवारी वहन गरेका छौं । यतिबेला सबैले व्यक्तिगत सुरक्षा मापदण्ड पालना गरेको अवस्था विद्यमान हुनाले धेरैजना जुटेर वा जमघट गरेर नयाँ वर्ष मनाउन सक्दैनौं भन्ने तथ्य हामी सबैले बुझेका छौं ।

कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि तानसेन नगरपालिकाले नगरबासीको स्वाथ्यप्रति सचेत भइ रोकथाम तथा सुरक्षात्मक साथै विपन्न नागरिकका लागि राहत वितरणको कार्यक्रम सञ्चालन गरिआएको तथ्य सबैलाई अवगतै छ । यस अभियानमा अधिकांश तानसेनबासीले धैर्यतापूर्वक सहयोग गर्नु भएकोमा धन्यवाद ब्यक्त गर्दै आगामी दिनमा समेत संयमित भइ संक्रमण रोकथामका हरकार्यमा सहयोगका लागि सादर अनुरोध गर्दछौं । हामी सबैले सुरक्षा मापदण्ड पालना गरौं र गर्नका लागि छरछिमेक, गाउँटोलमा आग्रह गरौं, आफू बचौं अरुलाई बचाऔं ।

अन्त्यमा, कोरोना (COVID-19) भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि अहोरात्र सेवारत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि लगायत सरोकारवाला सबैलाई धन्यवाद सहित नव वर्ष २०७८ को अवसरमा तानसेनबासी लगायत सम्पूर्ण नेपाली नागरिकमा पुन: हार्दिक शुभकामना प्रकट गर्दछौं ।

लक्ष्मीदेवी पाठक

का.वा.नगरप्रमुख तथा तानसेन नगरपालिका परिवार

का.वा. नगर प्रमुख



Scanned with CamScanner